# अद्यावधिक औद्योगिक सूचना अभाव

## नीति तथा योजना बनाउन समस्या

■ कृष्ण रिजाल

जेठ २८, काठमाडौं । उद्योग विभागमा हालसम्म दर्ता भएका उद्योगको सङ्ख्या ५ हजार १ सय ७५ ओटा पुगिसक्यो । विभागमा दर्ता भएका ती उद्योगको प्रस्तावित लगानी ५ खर्ब ६० अर्ब र तिनले दिने रोजगारी सङ्ख्या ३ लाख ७७ हजार छ । तर, अहिलेसम्म नेपालमा कति उद्योग सञ्चालनमा छन्, लगानी कति पुग्यो र तिनमा कति मजदूर (श्रमिक) कार्यरत छन् भन्ने आधिकारिक तथ्याङ्क विभागसँग छैन ।

राष्ट्र बैङ्कले बेलाबेलामा सार्वजनिक गर्ने औद्योगिक उत्पादन, तिनमा भएको लगानी र तिनले गर्ने क्षमता उपयोगलगायत विषय समेटिएको अध्ययन प्रतिवेदनले पनि सबै क्षेत्रका उद्योगलाई समेट्न सकेको छैन । देशभर रहेका उद्योगको कुल सङ्ख्या, कुल लगानी, रोजगारीको अवस्थालगायत विषयमा पनि बैङ्कको प्रतिवेदन पूर्ण हुने गरेको छैन । विभाग र राष्ट्र बैङ्कसँग मात्रै होइन, राष्ट्रिय तथ्याङ्क विभागसँग पनि देशको पछिल्लो औद्योगिक अवस्थाका बारेमा कुनै आधिकारिक तथ्याङ्क छैन ।

अर्थतन्त्रको मुख्य आधार मानिने औद्योगिक क्षेत्रको समयपरक आधिकारिक तथ्याङ्क नहुनुले यस क्षेत्रलाई राष्ट्रले प्राथमिकतामा नराखेको देखिने विज्ञहरू बताउँछन् । जुनसुकै क्षेत्रको पनि समयसापेक्ष तथ्याङ्क उपलब्ध नहुँदा नीति तथा कार्ययोजना तयार गर्न अप्ठ्यारो हुने साउथ एशिया वाच अन ट्रेड, इकोनोमी एण्ड इन्भायरोन्मेण्ट (सावती)का कार्यकारी अध्यक्ष पोषराज पाण्डे बताउँछन् ।

> **नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग परिसङ्घसँग पनि अद्यावधिक औद्योगिक सूचना छैन।**

'नेपालमा करीब ५ वर्षअघिसम्मका मात्रै औद्योगिक सूचनाहरू उपलब्ध हुन्छन्,' उनले भने, 'यस्ता पुराना तथ्याङ्कको आधारमा नीति तथा कार्ययोजना तर्जुमा गरिने हुँदा यस क्षेत्रको उच्च विकास हुन नसकेको हो ।' खासगरी उद्योग विभागले बढीमा ६/६ महीनामा औद्योगिक सूचना सङ्कलन गर्नुपर्ने उनको भनाइ छ । अद्यावधिक औद्योगिक सूचना भएको अवस्थामा सरकारले उपलब्ध गराउने अनुदान, कर्जा, सहुलियतलगायत सुविधा पारदर्शी र प्रभावकारी हुने उनले बताए ।

औद्योगिक नीति २०६७ मा औद्योगिक प्रवर्द्धन बोर्डले औद्योगिक सूचना केन्द्रको व्यवस्था गर्ने उल्लेख छ । तर, नीति सार्वजनिक भएको झण्डै ३ वर्ष बितिसक्दा पनि बोर्डले सूचना केन्द्र स्थापना गर्न सकेको छैन । औद्योगिक नीति कार्यान्वयनमा नआएका कारण औद्योगिक सूचना केन्द्र स्थापना हुन नसकेको उद्योग विभागका महानिर्देशक तथा बोर्डका सदस्य सचिव ध्रुवलाल राजभण्डारीले बताए । औद्योगिक सूचना सङ्कलनको जिम्मा विभागको भए पनि बजेट तथा जनशक्ति अभावमा जिम्मेवारी निर्वाह गर्न नसकिएको उनको भनाइ छ । 'रू. ४५ लाख बजेट माग्दा रू. ४ लाखमात्रै विनियोजन गरिने प्रचलन छ,' उनले भने, 'यस्तो अवस्थामा औद्योगिक सूचना सङ्कलन गर्न सकरी सकिन्छ ?' औद्योगिक सूचना केन्द्र स्थापना, सूचना सङ्कलनलगायत महत्त्वपूर्ण कार्यको नेतृत्व उद्योग मन्त्रालयले लिनुपर्ने उनको भनाइ छ ।

केन्द्रीय तथ्याङ्क विभागले हरेक ५/५ वर्षमा औद्योगिक गणना गर्ने गरेको छ । बाँकी पृष्ठ ५ मा ▶

अद्यावधिक ...

यो वर्ष पनि औद्योगिक गणना भइरहेको विभागअन्तर्गतको राष्ट्रिय लेखा शाखा प्रमुख जिस्नुमोहन भट्टराईले बताए । तर, ५/५ वर्षमा निकालिने तथ्याङ्कले नीति निर्माण तथा योजना तर्जुमा गर्न अप्ठ्यारो हुनेमा उनी पनि सहमत छन् । 'जापानमा ४/४ महीनामा औद्योगिक व्यवसायको सम्पूर्ण तथ्याङ्क निकालिन्छ,' उनले भने, 'हाम्रोजस्तो औद्योगिक विकास कम भएको देशमा औद्योगिक सूचना अद्यावधिक गर्न गाह्रो छैन ।' यसका लागि एकीकृत बिजनेश रजिष्ट्रेशनको व्यवस्था हुनुपर्ने उनको भनाइ छ ।

निजीक्षेत्रको छाता सङ्गठन मानिने नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग परिसङ्घसँग पनि अद्यावधिक औद्योगिक सूचना छैन । सरकारपछि सबैभन्दा ठूलो सञ्जाल भएको महासङ्घ र देशैभरका मझौला तथा ठूला उद्योगको प्रतिनिधित्व गर्छु भन्ने परिसङ्घले पनि औद्योगिक सूचना सङ्कलन नगर्नु गैरजिम्मेवार भएको सरोकारवालाहरू बताउँछन् । 'यति उद्योग बन्द भए, उति उद्योग बन्द भए भन्दै उद्योगी व्यवसायी भाषणबाजी गर्दै हिँड्छन्,' पाण्डेले भने, 'तर, आधिकारिक तथ्याङ्क उनीहरूसँग पनि छैन र औद्योगिक सूचना सङ्कलन गर्न पनि चासो दिँदैनन् ।' देशव्यापी सञ्जाल भएका यस्ता सङ्घसंस्थाले चाहेको अवस्थामा सजिलै औद्योगिक सूचना सङ्कलन गर्न सक्ने उनको भनाइ छ ।

तथ्याङ्क सङ्कलन गर्ने काम संवेदनशील एवम् जटिल भएकाले यसका लागि छुट्टै संयन्त्र र प्रणाली बनाइनुपर्ने नेपाल उद्योग वाणिज्य महासङ्घका महाप्रबन्धक हेमन्त दवाडी बताउँछन् । यसका लागि निजीक्षेत्र र सरकार मिलेर अघि बढ्नुपर्ने उनको भनाइ छ । नेपाल उद्योग परिसङ्घका महानिर्देशक मेघनाथ न्यौपानेले निजीक्षेत्रका छाता सङ्गठनसँग आफ्ना सदस्य उद्योगहरूको मात्रै सूचना हुने बताउँछन् । उनले भने, 'औद्योगिक सूचना एकीकृत गर्ने काम उद्योग विभाग, घरेलु तथा साना उद्योग विभागलगायत सरकारी निकायको हो ।'